☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प.सं.

च.नं.

## रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:- २०७९-०४-०३)

प्रस्तुत बिषयमा यस कावासोती नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव:-
(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण भएको,
(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
(ग) आधारभुत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

२. दरखास्त दिने स्थान:- कावासोती नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मिति:- २०७९/०४/१७

४. आवेदन दस्तुर:- रु ५००/-

५. छनौटको किसिम:- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परिक्षा

६. आवेदनका साथ संलग्न कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव भए सोको कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो
- तालिमको प्रमाणपत्र

७. सेवा सुविधा तथा अन्य:- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

**नोट:- आबेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी www.pmep.gov.np र kawasotimun.gov.np मा उपलब्ध छ।**

२०७९/०४/०३

प्रमुख प्रशासकीय अधिकृत